नेपाली सन्देश
The Nepali Sandesh Weekly साप्ताहिक
वर्ष ६,अंक ३१,२०६७ साल, वैशाख, २८ गते मंगलवार



# न्यायका नाउँमा हुने गरेका अन्यायका नयाँ घटना

'सय अपराधी उम्किउन् तर एक निरापराधी नफँसोस्' भन्ने न्यायको सिद्धान्त संसारमा कति लागु भइरहेछ ? यो एउटा जटिल प्रश्न बनेर खडा भएको छ । शंकाको भरमा हरेक वर्ष थुप्रै मानिसले विभिन्न देशमा कडा भन्दा कडा सजाय भोग्न परिरहेका कहानीहरु पनि थुप्रै छन् । अपराधको अनुसन्धान र तहकिकात नै पूर्वाग्रही र न्याय दिने अधिकारीहरु पनि पूर्वाग्रहद्वारा प्रेरित भएका कारण अपराध नगरेको अवस्थामा पनि सजाय भोग्नु परेका घटना विश्वका विकसित अविकसित सबै देशमा पाइन्छ ।

बेलायतकै कुरा गर्ने हो भने यो देश पनि यस खालको सजाय दिने सवालमा अछुतो छैन । बच्चाको क्लट डेथका कारण सयौं बाबुआमाले यहाँ नगरेको अपराधको लागि पनि सजाय भोगेका छन् । एक डाक्टर प्रोफेशर रोय भिडोको भनाईलाई आधार मान्दै बेलायतमा थुप्रै बाबुआमा सजायको भागिदार बने । एन्जिला क्यानिङ र त्रृप्ती पटेलको यसबारेमा चलेको मुद्दाले बेलायतको न्याय प्रणालीमा खैलाबैला मच्चियो र अन्तमा क्लट डेथको कारण मृत्यू भएका बच्चाका बाबु आमालाई दिइएको न्यायिक निर्णयमा पुनरावलोकन भयो र कयौं बाबुआमाले न्याय पाउन सके ।

बेलायतको न्याय प्रणालीमा प्रहरीहरुको भूमिका विकाशोन्मुख देश भारत र चीनभन्दा फरक छ । यहाँ अपवादबाहेक प्रहरीले जवरजस्ती अपराध कवुल गराउने काम गर्दैन । अभियूक्त उपर पनि मानवीय व्यवहार गरिन्छ र विभिन्न माध्यमबाट अपराधको अनुसन्धान गर्ने गरिन्छ । तर विश्वका कतिपय मुलुकमा अहिले पनि प्रहरीले यातना दिएर वा तर्साएर सजाय कवुल गराउँछ । यो मामलामा भारत र चीन पनि अग्रपंक्तिमा नै रहेका छन् ।

भर्खरै कुनै अपराध नगरिकनै सजाय भोगिरहेका एक चिनिया नागरिकको सत्य तथ्य पत्ता लागेको छ । गएको हप्ता मानिस मारेको अभियोगमा १० वर्ष जेल भोगिसकेका एक चिनियाँले उनले मारेको भनिएको व्यक्ति जिउँदो फेला परेपछि जेलबाट मुक्ति पाएका छन् ।

झाओ झुहेई नाम गरेका यी व्यक्ति र उनको छिमेकी झाओ झेन्साङ बीचमा एकदिन झगडा पऱ्यो । झगडा परेपछि झेन्साङ बेपत्ता भए । १८ महिनापछि टाउको नभएको एउटा



लास गाडिएको अवस्थामा फेला पऱ्यो । चिनीयाँ प्रहरीले झुहेईले त्यो हत्या गरेको र लास झेन्साङको भन्दै उनलाई पक्राउ गऱ्यो । सुरुमा त झुहेईले अस्वीकार गरे । तर प्रहरीले गरेको ज्यादतीको कारण उनले गर्दै नगरेको अपराध पनि कबुल गरे ।

अदालतले पनि उनलाई अपराधि करार गर्दै सुरुमा मृत्युदण्डको फैसला सुनायो । तर पछि २९ वर्षको जेल सजायमा झाऱ्यो । उनी जेल परेपछि उनकी श्रीमतीले अर्को विवाह गरिन् । उनका दुई बच्चाहरु पनि धर्मपुत्र तथा धर्मपुत्रीको रुपमा भिन्न भिन्न परिवारमा पुगे ।

तर यी सबै आपत विपतका पहाड नै झुहेईले भोगिसकेपछि उनीद्वारा मारिएका भनिएका झेन्साङ गाउँ फर्किए । उनको गाउँ फिर्तीले झेहाई सजायमुक्त भएका छन् । तर यो दस वर्षको जेल बसाईले उनको जिन्दगी ध्वस्त हुन पुगेको छ । यसको क्षतिपूर्ति हुनै सक्दैन । चिनियाँ अधिकारीहरुले पनि आफ्नो न्याय प्रणाली बारेमा सुधारको आवश्यकता ठानेका छन् र यस मुद्दाको छानविन पनि सुरु गरेका छन् । तर कुनै अपराध नै नगरेको व्यक्तिमाथि राज्यले जुन अन्याय गऱ्यो यसको क्षतिपूर्ति आर्थिक रुपमा हुन सक्ला तर ती व्यक्तिमाथि परेको मानसिक क्षति कसैले पूरा गर्न सक्दैन ।

त्यस्तै त्यस्तै घटना गएको हप्ता भारतमा पनि भयो । भारतका केही राज्यहरुमा प्रहरीहरु अत्यन्त भ्रष्ट छन् । अत्यन्त अमानवीय छन् । अहिले पनि भारतीय प्रहरीहरु अभियूक्तलाई यातना दिएर अपराध कवुल गराउन पछाडि पर्दैनन् । अझ भारतको उत्तर प्रदेशको प्रहरी बारेमा त एउटा उखानै छ 'यदि वो अपने पर आ जाए तो शेर से कवुल करा लेते है कि वह गिदड है ।'

अस्ति आइतबार मुजफ्रनगरमा 'अनर किलिङ'को मामलामा उक्त उखान चरितार्थ पनि भयो । प्रहरीले अजित सैनी हत्याको अभियोगमा अंशुका पिता र दाई अनुजलाई गिरफ्तार गरेर दाबी गऱ्यो कि अजित सैनीको हत्याको मामलामा अनुजले हत्या गरेको कबुल गऱ्यो । प्रहरीले यता हत्या कवुल गरेको र केटीको दाईले नै हत्या गरेको कुरा सञ्चारमाध्यममा सार्वजनिक गरेर 'अनर किलिङ' भन्दै आफूले अपराधी पत्ता लगाएर ठूलै काम गरेको बताइरहँदा हत्या गरिएका भनिएका अजित सैनी प्रेमिका अंशुका साथ पुलिस थानामा पुगे । जसलाई मारिएको थियो भनेर प्रहरीले कवुल गराएको छ, उही मारिएको व्यक्ति थानामा हाजिर हुँदा प्रहरी तिल्मिलाए ।

घटनाअनुसार अनुजकी बहिनी अंशु र अजितको बीचमा प्रेम थियो । उनीहरु विवाह गर्न चाहन्थे । तर विवाह अन्तरजातीय हुने भएकाले अंशुको घरपरिवारले स्वीकार गरेनन् । अन्तमा दुवैले घर छोडेर हिंडे, तर विवाह गराइदिने सर्तमा भोलीपल्ट नै फर्केर आए । यसैबीच पुने जाने भनेर निस्किएका अजित जव त्यहाँ पुगेनन्, उनको घरपरिवारको चिन्ताको विषय बन्यो । त्यही क्रममा एउटा फार्म हाउसमा टाउको र खुट्टा काटिएको लास फेला पऱ्यो । त्यो लास अजितको हो भनेर उनका काकाले सनाखत गरे । हत्याको मुद्दा सुरु भयो । प्रहरीले सक्रियता बढाउन थाल्यो । केटीको बाबु र दाईलाई पक्राउ गरी प्रहरीले यातना दिन थाल्यो । केही समयपछि नै प्रहरीले सञ्चारमाध्यमहरुबाट समेत अनर किलिङको रुपमा केटीको दाईले केटाको हत्या गरेको प्रचार गऱ्यो । देशभर अनर किलिङको हङ्गामा भयो । टिभीमा अनुजले आफूले हत्या गरेको हो भनेर पनि देखाइयो ।

यी सबै घटनाहरु घरबाट भागेकी अंशु र अजितले थाहा पाइरहे । आफ्नो कारणले आफ्नो दाई विनाअपराध जेल गइरहेको देख्न नसकेपछि प्रेमि प्रेमिका दुवै थानामा पुगे र अजित जिवित नै रहेको प्रमाण दिए । यसपछि अनुजले आफूलाई प्रहरीले यातना दिएर जवरजस्ती कबुल गराएको बताए ।

प्रहरीको यो बदमासीले भारतभर अर्को सनसनी खडा गऱ्यो । तर, प्रहरीले अहिले प्रेमी प्रेमिकालाई पनि आफ्नै कब्जामा राखेर मिडियाको सामु आउनबाट रोकेको छ भने फार्म हाउसमा फेला परेको लासको सवालसँग अनुजलाई जोडेर अर्को कथा बनाउँदै छ ।

एक्काइसौं शताव्दीमा आइपुग्दासम्म त अहिले पनि मानिसले नगरेको अपराध भोग्नु परेको छ भने मध्यकालीन यूगमा कति मानिसले हुकुम र आदेशको भरमा सजाय भोगे होलान् ? यो एक इतिहासको लागि खोजको विषय हो ।

सामान्यतया फौजदारी अभियोगमा शंकाको फाइदा अभियूक्तले पाउने जुन सिद्धान्त हो यो निरापराधि व्यक्तिले सजाय पाउनु हुँदैन भन्ने मान्यता नै हो । तर विकसित देश हुन् वा अविकसित अझै पनि यी सिद्धान्तहरु लागु हुन सकेका छैनन् । जसले गर्दा हरेक वर्ष थुप्रै झाहो झुहेई, अनुज एन्जिला, त्रृप्ती जस्ता व्यक्तिहरु पीडित हुनु परेको छ ।

## विन लादेन बारेको किताव र लादेनका पत्नीहरू



संसारभर अहिले चर्चामा रहेका तथा अमेरिकाको मस्ट वान्टेड म्यानको सूचिमा पहिलो नम्वरमा रहेका ओसामा विन लादेनको अरु थुप्रै दिलचष्पीपूर्ण पक्षहरु पनि छन् । उनी पढ्नको अत्यन्त सौखिन मात्र होइन भलिबल र फूटवलको अत्यन्त सौखिन पनि छन् ।

कुनै समयमा लादेनको अंगरक्षक रहिसकेका नासिर अल-बहरीको कितावमा यो कुराको दाबि गरिएको छ । 'सन्डे टाइम्स'ले नासिरको हवाला दिँदै भनेको छ कि पुस्तकमा वर्णित तथ्यका अनुसार विन लादेन भलिवलका राम्रा खेलाडी पनि हुन् । उनको उचाई राम्रो भएको कारण बल गिराउन उनलाई उफ्रिरहनु पनि पर्दैन ।

'इन द शेडो अफ विन लादेन' भन्ने नाम दिएर प्रकाशित त्यस कितावमा विन लादेन फूटवलको पनि सौखिनदार छन् र सेण्ट्रल फरवार्ड स्थानमा बसेर खेल्न उनी रुचाउँछन् । त्यस्तै गरी उनी घोडा दौडमा पनि रुची राख्दछन् । तर हरेक यी खेलहरुमा भाग लिँदा पनि उनी आफ्नो शिरको पगडी कहिल्यै पनि झिक्दैनन् ।

नासिरले कितावमा लेखेका छन् कि अलकायदा नेता पढ्ने लेख्ने मामलामा पनि निकै अगाडि छन् । उनी दोस्रो विश्वयूद्धमा प्रेरणादायी सैन्य कमाण्डरमा गन्ती गरिने बेलायती फिल्ड मार्शल बनार्ड मोण्टगोमरी तथा फ्रान्सका पूर्व राष्ट्रपति जनरल चार्ल्स डी गेलको संस्मरणहरु पढ्ने गर्दछन् ।

कितावका अनुसार लादेनको निजी जिन्दगी पनि समस्याग्रस्त रहेको छ । उनका चारवटा पत्नीहरुको बीचको खिचातानी उनको परेशानीको कारण बनेको छ । कितावमा उल्लेख गरिएअनुसार उनी सकेसम्म पत्नीहरुको बीचको तनावलाई भरसक टाल्ने कोसिस गर्दथे तर पहिलो पत्नीसँग भने उनको केही लाग्दैनथ्यो । लादेन आफ्नी ती राम्री तर अनपढ सिरियाली पत्नीको अरु पत्नीहरुसँग हुने खिचातानीलाई रोक्न सक्दैनथे । लादेनको दोस्रो पत्नी सम्भ्रान्त परिवारकी साउदी महिला हुन् । अलकायदा नेताहरु इश्लामी विज्ञानको बारेमा उनीसँग छलफल गर्ने गर्दछन् भन्ने पनि कितावमा दाबी गरिएको छ । सन् २००० मा लादेनको पाँचौ पत्नी जो यमनकी थिइन्, उनको लादेनको जीवनमा प्रवेशलाई ४ पत्नीहरुले असन्तुष्टि जाहेर गरेका थिए ।

कितावमा ती पाँचौ पत्नीले अफगानिस्तानको पहाडमा उनको सवभन्दा विश्वासपात्र सिपाहीको रुपमा काम गरेकी थिइन् । उनले करिब ४ वर्षसम्म लादेनको सेवा गरेकी थिइन् । नासिरको भनाई रहेको छ कि लादेन पाकिस्तानको पश्चिम भागमा रहेको वजिरिस्तानमा लुकेका छन् र उनलाई जीउँदो पक्रन सम्भव लाग्दैन । एक घटनाको जिकिर गर्दै उनले भनेका छन् कि लादेनले एक पटक उनलाई पिस्तोल दिँदै यदि उनी पक्राउ पर्ने स्थिति बनेमा शिरमा दुई गोली हानिदिन भनेका थिए ।

रहस्यभित्र रहेका विन लादेन अझै पनि ठूलै रहस्यको विषय बनिरहेका छन् । मृगौलाको रोगी भनिएका उनी कतिपयले मरिसकेका भन्ने गरेका छन् तापनि उनी मरेको प्रमाण कतै फेला परेको छैन । अमेरिकाले उनलाई पक्रन आफ्नो सवै शक्ति प्रयोग गरिरहेकोछ तर सफलता हात लागेको छैन । बेलाबेलामा भिडियो टेपमार्फत उनी झुल्कने गर्छन् तर पनि उनी एक रहस्यमय व्यक्ति बनिरहेका छन् ।

## टाइम्स स्क्वाइरमा वम राख्ने पाकिस्तानी मूलका अमेरिकी नागरिक



पाकिस्तानमा जन्मिएका अमेरिकी नागरिक जसले न्यूयोर्कको टाइम स्क्वायरमा बम विस्फोटको योजना बनाएका थिए, उनी धन्नै अमेरिकाबाट उड्न सफल भएका थिए । ३० वर्षीय फैजल शाहजादलाई दुबई जाँदै गरेको जहाजमा चढ्न दिइसकेको थियो । उनको नाम कुनै पनि जहाजमा उड्न नदिने लिस्टमा हालिसकेको भए पनि धन्नै उनी भाग्न सफल भइसकेका थिए ।

जहाज उड्न ३० मिनेट अघि एक कस्टम्स एजेण्टले नामावली पढ्दै जाँदा उनको नाम फेला पारेको थियो । यसपछि उनलाई पक्राउ गरिएको थियो । अधिकारीहरुले बताएका छन् कि मे १ शनिबारको टाइम्स स्क्वायरमा राखिएको बम जुन अन्तिम समयमा विस्फोट हुनबाट जोगाइएको थियो, त्यो बम आफूले राखेको उनले स्वीकार गरेका छन् । उनलाई आम विनासकारी हतियारद्वारा अमेरिकी नागरिकको हत्या गर्ने प्रयास गरेको अभियोगमा कारवाही गरिने भएको छ ।

उनले जुन कारमा विस्फोटक पदार्थ राखेर टाइम्स स्क्वायरमा राखेका थिए, त्यसको प्लेट नम्वरबाट उनलाई पक्राउ गर्न सहयोग पुगेको थियो । प्रहरीले उक्त प्लेट नम्वरको धनी पत्ता लगाई सोधखोज गर्दा सो कार शाहजादलाई नगद लिई कागजादहरु नमिलाइकन नै दिएको बताएका थिए ।

शाहजादले एयरपोर्ट जाँदै गर्दा बाटामा नै नगद हालेर इमिरेट्स फ्लाइटको टिकट किनेका थिए । यूएईको सरकारले शाहजादले इश्लामावाद जाने गरी टिकट किनेको बताएको छ । उनले दुवईमा जहाज बदल्दै थिए ।

मई १ गते शनिबार साँझ उनी फर्टिलाइजर, फायरवोर्क्स, पेट्रोल र प्रोपोगेन ग्यास भरिएको कार टाइम्स स्क्वायरमा छोडेर भागेका थिए । सन् १९९३ को निसान पाथ फाइण्डर नामको कारको इन्जिन स्टार्टमा नै राख्नुको साथै उनले ह्याजर्ड लाइट बालेर नै पार्क गरेका थिए । एक पदयात्रीले उक्त गाडीबाट धुँवा आइरहेको देखेपछि प्रहरीलाई सूचित गरेका थिए । प्रहरीले विस्फोट हुनुअगाडि नै उक्त बमलाई निस्कृय बनाउन सफल भएको थियो ।

फैजल शाहजाद पाकिस्तानमा जन्मिएका र पछि अमेरिकाको नेचुरालाइज्ड नागरिक हुन् । उनी विवाहित छन् र दुईवटा साना बच्चाहरु पनि छन् । सन् २००५ मा उनले एमबीए गरेका थिए । हालकै वर्षहरुमा उनले ८ पटक पाकिस्तानको भ्रमण गरेका थिए । उनले पाकिस्तानको वजिरिस्तानमा उग्रपन्थीहरुबाट तालिम लिएको पनि दावी गरिएको छ ।

के तपाई स्कटल्याण्ड घुम्न आउँदै हुनुहुन्छ ?
बासको व्यवस्थाको लागि सम्पर्क गर्नु होला ।
श्याम लिम्बू
फोन नं : 07766796910, 7576994337
Email : samaralimbu@hotmail.com

## रङ्ग/विरङ्ग

### अभिभावक मिटिङ भाँड्न स्कुलमा वम राखेको सूचना

गएको शनिबार बिहान ७ बजेको थियो, कसैले १०० नम्वरमा फोन गरेर सूचना दियो कि भारत, बिहारको संगमस्थित सरकारी स्कूलमा बम राखिएको छ । बम राखेको सूचना पाउनासाथ प्रहरीहरु त्यसतर्फ लागे र स्कूललाई घेराबन्दी गरे । त्यतिखेर स्कूलमा केही शिक्षक, अभिभावक र छात्रछात्राहरु पुगिसकेका थिए । प्रहरीले पुरै स्कूल खाली गरायो र हरेक कुना कुना खोजखवर गर्न थाल्यो । यसैबीचमा दमकल, एम्वुलेन्स, वम डिटेक्सन समूह, बम डिस्पोजल स्क्वायड सबै त्यहाँ पुगे । दुई घण्टासम्म बम पत्ता लगाउने कोसिस जारी रह्यो तर केही फेला नपरेपछि प्रहरीले झूटो सूचना घोषणा गऱ्यो ।

अव प्रहरीको ध्यान फोनबाट सूचना दिनेतर्फ गयो । फोनको खोजी गर्दै जाँदा फोन एक सार्वजनिक बुथबाट गरिएको थियो । बुथको मालिकबाट थाहा भयो कि नजिकै बस्ने एक किशोरले उक्त फोन गरेका थिए । ती किशोर त्यही स्कूलमा पढ्दथे जहाँ बम राखेको सूचना दिइएको थियो । प्रहरीले ती किशोरसँग सोधपुछ सुरु गऱ्यो । उनले फोन गर्नाको कारण बताएपछि प्रहरी पनि अचम्भित भए ।

पछि प्रहरीले बताएअनुसार ती किशोरलाई पढाईमा ध्यान थिएन । शनिबार स्कूलमा अभिभावक र शिक्षकहरुको बीचमा मिटिङ थियो । उनलाई थाहा थियो कि शिक्षकले उनको बारेमा बाबुआमासँग सिकायत गर्नेछन् । त्यसैले मिटिङ नै हुन नसकोस् भनेर उनले यो झुटो बम काण्डको सिर्जना गरे । ती किशोर नाबालक भएकाले प्रहरीले चेतावनी मात्र दिएर छोडिदियो ।

### लिङ्गवधर्क औषधि गर्नेले प्रहरीमा जागिर नपाउने

इण्डोनेशियाका प्रहरीले एक नियम जारी गरी जसले लिङ्ग बढाउने औषधि गरेका छन्, उनीहरुलाई जागिर नदिने भएको छ ।

स्थानीय सञ्चार सामाग्रीहरुमा प्रकाशित समाचारअनुसार प्रहरी र सेनामा जागिर खान खोज्ने उम्मेदवारहरुलाई आफ्नो लिङ्गमा कुनै खालको अपरेसन गराएको वा नगराएको सोधिनेछ । यदि कुनै व्यक्तिले अपरेसन गरेको फेला परेमा त्यस्तो व्यक्तिलाई प्रहरी र सेनामा जागिर खान बन्देज लगाइनेछ ।

प्रहरी प्रवक्ताका अनुसार यो प्रतिबन्ध यसकारण लगाइएको हो कि प्रकृतिको बिरुद्ध ठूलो आकारको लिङ्गको कारण तालिमको समयमा समस्याहरु आउने गरेको छ ।

इण्डोनेशियाका पपुआका मानिसहरु यस्तो एक प्रविधिको प्रयोग गर्छन् कि जसमा गटल-गटल भन्ने रुखको पातको प्रयोग गरेर पुरुष यौनाङ्गको आकार बढाइन्छ । यसको कारण उक्त अङ्ग मौरीले टोकेर सुनिएको जस्तो हुने गर्छ ।

### अव स्कूल ड्रेसमा सिनेमाघर र पार्कमा घुम्न मनाही

नेपालमा केही महिनाअघि एक क्लवमा सयौ विद्यार्थीहरु स्कूल ड्रेसमा पक्राउ परेका थिए । यो समस्या अहिले नेपालमा भन्दा भारतमा झन् बढिरहेको छ । यही समस्याबाट मुक्ति पाउन उत्तर प्रदेशको लखनउमा स्कूल तथा कलेजमा पढ्ने विद्यार्थीलाई अव स्कूल पोशाकमा सिनेमाघर, सपिङ मल र पार्कमा घुमफिर गर्न नपाउने नियम बनाइएको छ ।

जिल्ला प्रशासनमा लगातार सिकायत आइरहेको थियो कि स्कूल र कलेजका छात्र-छात्राहरु पढ्न छोडेर सिनेमाघर, पार्क र सपिङमलमा घुम्ने गर्दछन् । यसले गर्दा अभद्रता, छेडखानी, अपराध र आत्महत्याको घटना पनि बढिरहेकोछ । जिल्ला प्रशासनले विद्यालय तथा कलेजको समयभित्र स्कूलबाट स्कूल ड्रेससहित बाहिर निस्कन पनि प्रतिबन्ध लगाएको छ ।

### लोग्नेले अन्तरंग भिडियो बाहिर पुऱ्याएको कारण स्वास्नीद्वारा आत्महत्या

मुम्वईमा एक विश्वासघाती लोग्नेका कारण स्वास्नीले आत्महत्या गरेकी छन् । कामराज नगरमा बस्ने गरेका अरुण सोनावणे नाम गरेका एक व्यक्तिले आफ्नी पत्नीसँग अन्तरंग क्षणको भिडियो खिचेका थिए । उनले उक्त भिडियो क्लिप आफ्ना साथीहरुको मोवाइलमा पनि पठाए । जव उसकी पत्नीले यो कुरा थाहा पाइन् उनले आफ्नो बेइज्जत भएको ठानी आत्महत्या गरिन् । उनले आत्महत्या पत्रमा यो कुरा लेख्दै आफ्नो लोग्नेको मोवायलमा अरुको पनि भिडियो क्लिप रहेको पनि जानकारी दिएकी थिइन् ।

आफ्नो अन्तरंग क्षणको भिडियो क्लिपले आहत भएकी ती महिलाले पेट्रोल छर्केर आगो लगाइन् । ८० प्रतिशत भाग जलेको अवस्थामा अस्पताल पुऱ्याइएकोमा पछि उनको मृत्यू भएको थियो । प्रहरीले विश्वासघाती लोग्ने अरुणलाई गिरफ्तार गरेको छ ।

### कमिलाको आतंकले सारा गाउँले हैरान

श्रीलंकाको दक्षिण भागको एक गाउँका मानिसहरु अहिले निकै परेशानीमा छन् । उनीहरुको यस पटकको परेशानी न सरकारी सेनाको कारणले हो न त लिट्टेको कारणले हो । यस पटकको हैरानी भने जावो कमिलाले गर्दा हो ।

यी साना जीव कमिलाले गाउँमा हमला गरेका छन् र घरमा घुसेर घरभित्रका सामान नोक्सान पुऱ्याउन थालेका छन् । गाउँलेहरुको भनाई छ कि यदि यी कमिलासँग मुक्ति पाउने उपाय खोजिएन भने उनीहरुलाई अव गाउँ छोडेर हिँड्नुभन्दा अर्को उपाय बाँकि रहेको छैन ।

कमिलाको यो आक्रमणको निसाना साना साना बालक पनि पर्न थालेका छन् । हेर्दा मामुली जस्तो लाग्ने यो घटनाबाट पुरै गाउँले नै पीडित हुन पुगेका छन् ।

### मानिसको विवाह बिरालुसँग

मानिसको विवाह बिरालुसँग ! यो पनि हुने कुरा हो र ? तर साँच्चै नै भयो यो कुरा । जर्मनीका एक व्यक्तिले आफ्नो घरमा पालेको बिरालुसँग विवाह गरेका छन् । ३९ वर्षीय मिट्जरलिक नाम गरेका ती व्यक्तिले विवाह गरेको बिरालु मोटो हुनाको कारण र दमको कारणले धेरै दिन नबाँच्ने डाक्टरले बताएपछि उनले विवाह गर्ने निधो गरेका थिए ।

कैसिला नाम गरेको त्यो बिरालुलाई विवाहमा इशाई परम्पराअनुसारको सेतो कपडा लगाइएको थियो भने उनले पनि आफूलाई दुलाहको ड्रेसमा सजाएका थिए ।

जर्मनीमा मानिस र जनावरको बीचमा विवाह गैर कानुनी भएकाले सरकारी तवरमा दर्ता भने भएन तापनि एक टिभी कलाकारको अगुवाईमा सो विवाह भएको थियो । दुलाहको जुम्ल्याहा भाई यस विवाहको साक्षी बनेका थिए । मिट्जरलिकले उक्त विरालुलाई पाँच वर्ष पहिला आफ्नो घरमा लिएर आएका थिए । उनले पहिलो नजरमा नै आफ्नो विरालुसँग प्रेम भएको बताएका थिए । मिट्जरलिकको यसभन्दा पहिला विवाह भएको थिएन र एक्लै बस्ने गर्दथे ।

### फेरि जिवित गर्न सकिन्छ विशालकाय हात्ति



फिल्म 'जुरासिक पार्क' मा जसरी साढे ६ करोड वर्षपूर्व विलुप्त भइसकेको डाइनोसरको पाइएको डीएनएको मद्दतबाट फेरि उसलाई जिउँदो बनाइएको थियो त्यसरी नै वास्तविक संसारमा हजारौं वर्षपहिला विलुप्त भएको बाक्लो भुवादार रौं भएको हात्ति जसलाई 'बुली म्यामोथ' भनिन्छ त्यसलाई वैज्ञानिकहरुले ब्यूँताउन सक्ने भएका छन् ।

एक अनौठो प्रयोगको माध्यमबाट वैज्ञानिकहरुले विलुप्त भइसकेको यस विशालकाय हात्तिको बरफमा जमेको अवशेषबाट जीन फेला पारी फेरि रक्त प्रोटिन बनाउन सफलता हासिल गरेका छन् । यसबाट वैज्ञानिकहरुले पत्ता लगाएका छन् कि हजारौं वर्ष पहिला यो जन्तु आफ्नो भुवादार रौंको माध्यमबाट आफूलाई तातो राख्दथ्यो साथै ती हात्तिहरुको शरीरमा चिसोमा जम्न नदिने रगत पनि बग्दथ्यो भन्ने पत्ता लगाएका छन् । वैज्ञानिकहरुको विश्वास छ कि जीन प्राप्त गर्ने यस प्रविधिको प्रयोग विलुप्त भइसकेका जन्तुहरुलाई फेरि पैदा गर्नेमा गर्न सकिन्छ ।

क्यानडाको म्यानिटोवर यूनिभर्सिटीको नेतृत्वमा अनुसन्धानकर्ताहरुको एक समूहले साइबेरियाको बरफमा जमेको ४३ हजार वर्ष पुरानो बुली म्यामोथको हड्डीमा सुरक्षित डीएनएको रक्त प्रोटिनलाई पूनर्जिवित गरेका थिए । बुली म्यामोथको उचाई १३ फिटसम्म अग्लो हुन्थ्यो भने दाँत १६ फिटसम्म लामा हुन्थे । यीनको शरीर ३ फिट लामो रौंद्वारा ढाकिएका हुन्थे । मानिन्छ कि यीनको लोप जलवायू परिवर्तन तथा अत्याधिक शिकारका कारण भएको हो ।